☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## रुकम (पश्चिम भाग)

कार्यालय कोड नं: ३१२०१५९०२६

प.सं. २०८२/८३ मितिः २०८२/०५/२०

च.नं. ५७

विषयः **सूचना टाँस सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, रुकुम (पश्चिम भाग) ।
श्री जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम भाग) ।
श्री पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम (पश्चिम भाग) ।
श्री प्रदेश लेखा इकाई कार्यालय, रुकुम (पश्चिम भाग) ।
श्री चौरजहारी/मुसिकोट/आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) ।
श्री बाँफिकोट/सानिभेरी/त्रिवेणी गाँउपालिकको कार्यालय, रुकुम (पश्चिम भाग) ।

प्रस्तुत विषयमा आ.ब.२०८२/८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषि उपकरणमा अनुदान माग गर्ने सम्बन्धि सूचना (सूचना नं. ६) को प्रति १ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ, सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध गरिन्छ ।

भरत बहादुर वस्नेत
निमित प्रमुख

Email: akcrukmw@gmail.com "व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन" Web:adorukumwest.karnali.gov.np

☎ ०८८–५३००१९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय
रूकम (पश्चिम भाग)
कार्यालय कोड नं: ३१२०१५९०२६

पत्र संख्याः- २०८२/८३ प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/२०
सूचना नं.-६

विषयः **कृषि उपकरणमा अनुदान माग गर्ने सम्बन्धि सूचना** !!!

यस कार्यालयको आर्थिक वर्ष २०८२/८३ को स्विकृत कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत जमिन तयारी, सिँचाई, बाली कटानी तथा बाली संरक्षण सम्बन्धि उपकरणहरु परल मूल्यको ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक कृषक/कृषक समूह/नीजि फर्म/सहकारी संस्था/हरुबाट आवश्यक परेको उपकरणको विबरण सहितको निबेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०८२/०६/१९ गते सम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदनउपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***www.adorukumwest.karnali.gov.np*** हेर्न वा कार्यालयको टलिफोन नं. *०८८-५३००१९* मा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरुः**

१. उपकरण मागको निबेदन (उपकरणको नाम/स्पेसिफिकेशन/ब्राण्ड/परिमाण/अनुमानित लागत रकम खुलाउनु पर्ने)
२. कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
३. कृषक समूह/सहकारी संस्थाको हकमा उपकरण माग गर्ने निर्णयको प्रतिलिपि
४. ब्यक्तिको हकमा नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख